# प्रभाव दैनिक

National Daily

वर्ष १३ | अंक २९ | काठमाडौं | शुक्रबार, ८ जेठ २०८३ | Prabhab National Daily | Friday, 22 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-



**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदशी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## प्रदेश सरकारमा कांग्रेस, एमाले र नेकपाको सहकार्य

- कांग्रेस सभापति गगन थापासँगको संवादपछि यो विषयको टुंगो लाग्ने ब्रिफिङ एमाले अध्यक्ष केपी ओलीले ब्रिफिङ गरेको बताइएको छ
- संघीय सरकारमा सत्ता गुमाएको नेकपा प्रदेशमा भए पनि एमाले र कांग्रेससँग मिलेर जाने तयारीमा देखिन्छ
- मधेश प्रदेशमा विपक्षी रहेको एमाले चार मन्त्रालय लिएर सरकारमा जान सहमत





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फागुन २१ गतेको निर्वाचनमा पराजित बनेर साना दलको कित्तामा पुगेको तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच प्रदेशमा सहकार्य शुरु भएको छ । मधेश प्रदेशमा एमालेलाई सरकारमा भित्र्याउँदै यो सहकार्य शुरु भएको हो ।

शुक्रबार विश्वासको मत लिन लागेका मुख्यमन्त्री कृष्णप्रसाद यादवले नेकपा एमालेका मोहम्मद समिरलाई बिना विभागीय मन्त्रीको रूपमा नियुक्त गर्दै एमालेलाई सरकारमा सहभागी गराएको छ । मुख्यमन्त्री यादवले एमालेका समीरलाई बिहीबार विना विभागीयमन्त्रीको जिम्मेवारी दिएका हुन् । एमालेलाई चार मन्त्रालय दिएर सरकारमा सहभागी गराउन लागेको मुख्यमन्त्री यादवले बताए ।

हाल मधेस सरकारमा नेपाली कांग्रेसको नेतृत्वमा जनता समाजवादी पार्टी नेपाल र नेपाली कम्युनिस्ट पार्टी सहभागी छन् । जसपाले पनि कांग्रेसकै सरकारलाई समर्थन गर्ने जनाएको छ ।

बिहीबार दलको नेतामा चयन भएका जसपाका सरोजकुमार यादवले कांग्रेस नेतृत्वको सरकारलाई नै निरन्तरता दिन समर्थन गर्ने निर्णय गरेको छ । 'एकीकरणपछि दलको नेताको आकांक्षीबारे सोधेका थियौं । कसैले पनि इच्छा देखाउनुभएन,' यादवले भने ।

गत वैशाख २२ गते जनमत पार्टीले मधेस सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । जनमतले समर्थन फिर्ता लिए पनि उसका दुई जना मन्त्री अझै पदमै छन् । यसअघि एमाले अध्यक्ष केपी शर्मा ओलीसँग नेकपाका संयोजक पुष्पकमल दाहालले प्रदेशमा सहकार्य गर्नेबारे छलफल गरेका थिए ।

योसँगै नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पछिल्लोपटक गुन्डु पुगेर एमाले अध्यक्ष ओलीसँग भेटेका थिए । कतै मधेशमा कांग्रेसले सरकारको नेतृत्व गुमाउन लागेको त हैन भन्ने आशंकाबीच बुधबार महोत्तरी पुगेका कांग्रेस सभापति थापाले मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने पक्का गरेका थिए । बर्दिबासमा आयोजित 'नेपाली कांग्रेस प्रदेश र स्थानीय तह केन्द्रित मधेश प्रदेशस्तरीय भेला' एवं 'जरा अभियान' लाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

एमाले सचिवालय बैठकमा ओलीले यसबारे कांग्रेससँग छलफल निर्णायक छलफल गर्ने तयारी रहेको बताएका थिए । नेकपाका नेता राजेन्द्र श्रेष्ठले संविधान, संघीयता र गणतन्त्रको रक्षाका लागि संविधान निर्माण पक्षधर शक्तिहरूबीच सहकार्य आवश्यक भएको बताए । प्रदेश सरकारमा सहभागी हुने विषयमा कांग्रेस र एमालेसँग संवाद भइरहेको स्वीकार गरे पनि पार्टीले औपचारिक निर्णय भनी गरी नसकेको उनको भनाई छ ।

बजेट निर्माणकै समयमा सरकार फेरबदलको चर्चाले मन्त्रीहरूबीच नै अलमल सिर्जना भएको बताइएको छ ।

हाल सात प्रदेशमध्ये कांग्रेसले ४ र एमालेले ३ प्रदेशको नेतृत्व गरिरहेको छ । नयाँ समीकरण बन्ने अवस्थामा पनि चार प्रदेशको नेतृत्व गर्नुपर्ने कांग्रेसको माग छ । नेकपाले पनि सुदूरपश्चिम प्रदेशको नेतृत्वसहित तीनदलीय सरकार बनाउन सकिने जनाइसकेको छ । एमालेले पनि तीनै दलसँग सहकार्यको बाटो खुला गरेको बताएको छ । तर, तीन दलको विषयमा कांग्रेसले भने ठोस निर्णय सुनाइसकेको छैन ।

कांग्रेससँग बसेर टुंगो लागेपछि मात्रै नेकपालाई सहभागी गराउने वा नगराउने भन्ने विषय टुंगो लाग्ने अर्का एमालेका नेताहरू बताउँछन् । कांग्रेस-एमाले सहकार्य शुरु हुँदा कांग्रेसका सभापति शेरबहादुर देउवा थिए । त्यो बेला सुदूरपश्चिम र कोशी प्रदेश सरकारलाई निरन्तरता दिने र पाँच प्रदेशमा हेरफेर गर्ने सहमति भएको थियो ।

क्रमशः पृष्ठ २ मा

## सत्ताको आदेशपालक बन्दै सभामुख अर्याल



संसद् भनेको प्रतिपक्षको हो । सभामुख भनेको संसद्लाई व्यवस्थित गर्ने संवैधानिक संस्था हो । तर आज जसरी प्रतिपक्षले आफ्ना धारणा राखिरहेका छन्, त्यसप्रति सभामुखबाट व्यक्त भएका अभिव्यक्तिहरु संसदीयजस्तो लागिरहेको छैन ।

■ **भीष्मराज आङ्देम्बे**
प्रमुख विपक्षी नेता



प्रधानमन्त्रीलाई सदनमा ल्याउन नसक्ने सभामुखले प्रतिपक्ष दलका नेतालाई बारम्बार नियम घोकाइरहनु निन्दाजनक र हास्यास्पद देखिन्छ ।

■ **हर्क साम्पाङ**
अध्यक्ष, श्रम संस्कृति पार्टी



■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधि सभा बैठकमा पछिल्ला दिनमा देखिएको राजनीतिक गतिरोधसँगै सभामुख डोलप्रसाद अर्यालको भूमिकामाथि गम्भीर प्रश्न उठ्न थालेको छ । संसदीय परम्पराअनुसार सदनको नेतृत्व गर्ने सभामुखलाई तटस्थ, निष्पक्ष र सबै दलप्रति समान दूरीमा रहने अपेक्षा गरिन्छ । तर, पछिल्ला गतिविधिले अर्याल सत्तापक्षलाई अनुकूल र प्रतिपक्षप्रति कठोर बन्न थालेका छन् ।

गत केही दिनदेखि सदनमा सरकारले ल्याएका विधेयकहरू द्रुत गतिमा पारित भइरहेका छन् । नियमावली पनि पारित भएको छ । तर, प्रतिपक्ष दलहरूका सांसदहरूका अनुसार संसद्प्रति उत्तरदायी बनाउन प्रधानमन्त्री वालेन्द्र शाहको अनिवार्य उपस्थिति र हरेक महिना गर्नुपर्ने प्रधानमन्त्रीसँग सांसदहरूको प्रश्नोत्तर कार्यक्रमप्रति जवाफदेही बनाउन गरिएको मागलाई सभामुखले 'ध्यानाकर्षण' भएको बताउँछन् तर सम्बोधन गराउँदैनन् ।

यसपछि प्रतिपक्ष दलहरूले उठाएका विषय र मागलाई सभामुखले बेवास्ता गरेको भन्दै बजेट अधिवेशनको दोस्रो दिन (२९ वैशाख) देखि नै आक्रोश व्यक्त गरिरहेका छन् । संसदीय अभ्यासमा प्रतिपक्षको आवाज सुनिनु लोकतान्त्रिक संस्कृति मानिन्छ । तर, अर्यालले सरकारको कार्यसूचीलाई प्राथमिकता दिएर विपक्षीमाथि त पेलेरै अघि बढ्न थालेको भन्दै उनको निष्पक्षतामाथि प्रश्न उठेको हो ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सभामुख अर्यालको कार्यशैलीप्रति असन्तुष्टि जनाए । गृहजिल्ला पाँचथरको तुम्बेवामा आयोजित कार्यक्रममा बिहीबार बोल्दै उनले सभामुख अर्यालले संसद् सञ्चालनमा तटस्थता, निष्पक्षता र संसदीय मर्यादाको आधारभूत मान्यता कमजोर बनाइएको टिप्पणी गरे ।

'संसद् भनेको प्रतिपक्षको हो । सभामुख भनेको संसद्लाई व्यवस्थित गर्ने संवैधानिक संस्था हो । तर आज जसरी प्रतिपक्षले आफ्ना धारणा राखिरहेका छन्, त्यसप्रति सभामुखबाट व्यक्त भएका अभिव्यक्तिहरू संसदीयजस्तो लागिरहेको छैन,' उनले भने । आङ्देम्बेले हर्क साम्पाङ नेतृत्वको दल श्रम संस्कृति पार्टीले प्लेकार्ड प्रदर्शन गर्दा सभामुखले दिएको चेतावनीप्रति पनि आपत्ति जनाए । 'हिजो प्रतिपक्षमा हुँदा तत्कालीन सांसद, वर्तमान सभामुखहरू आफैं वेलमा पुग्नुहुन्थ्यो, नीलो स्कार्फ लगाएर आन्दोलन गर्नुहुन्थ्यो । त्यतिबेला उचित लागेको गतिविधि आज अमर्यादित कसरी हुन्छ ?' उनले सोधे ।

बिहीबार नै श्रम संस्कृति पार्टीका अध्यक्षसमेत रहेका हर्क साम्पाङले सभामुख अर्यालको भूमिकाप्रति तीखो टिप्पणी गरे । प्रधानमन्त्री शाहलाई संसद्प्रति उत्तरदायी बनाउन नसक्ने तर आफूलाई प्रतिनिधि सभा नियमावली स्मरण गराएको प्रति उनको आक्रोश थियो ।

'प्रधानमन्त्रीलाई सदनमा ल्याउन नसक्ने सभामुखले प्रतिपक्ष दलका नेतालाई बारम्बार नियम घोकाइरहनु निन्दाजनक र हास्यास्पद देखिन्छ,' उनले विज्ञप्ति जारी गरेर भनेका छन् ।

भनिन्छ, उनलाई सभामुख अर्यालले बुधबार सदनमा अमर्यादित ढंगले विरोध गरिरहे कारबाहीको चेतावनी दिएका थिए । यसप्रति साम्पाङले बिहीबार संसद् बैठकपछि चुनौती दिँदै भने, 'त्यस्ता नाथे, हिम्मत छ ? देखाए भयो कारबाही गरे ।' सभामुख अर्याल बिहीबारको प्रतिनिधि सभा बैठकमा प्रतिपक्षहरूलाई पेलेरै अघि बढे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### नीति तथा कार्यक्रममा वैदेशिक रोजगार

## कार्यक्रम र नारा हरेक वर्ष दोहोरिन्छन्, हुँदैन कार्यान्वयन

जुनसुकै सरकारलाई नाराहरु मनपर्छ । सुन्दाखेरी पनि मिठो लागोस् भन्ने चाहन्छ । त्यही भएर एउटै कुरा बारम्बार आउने हो । खासगरी आप्रवासीको जीवनमा र कठिनाइमा कतिको सुधार भयो भन्ने कुराले मापदण्ड तय गर्ने हो ।

■ **डा. केशव बस्याल**
आप्रवासनविद्

हामी स्रोत मुलुक भएकाले श्रमिक भर्ना प्रक्रियामा हुने शोषण नै हाम्रो मूल समस्या हो । वैदेशिक रोजगार व्यवसायीलाई उत्तरदायी बनाउनुका साथै सरकारको नियमनकारी प्रावधानलाई सक्रिय बनाउने र सहायता संयन्त्रलाई सबल बनाएको अवस्थामा धेरै समस्या समाधान हुन्छ । यस्तो कार्यक्रम आएको देखिएन ।

■ **रामेश्वर नेपाल**
श्रमविद्

■ **ममता थापा**

**काठमाडौं–** प्रत्येक वर्ष सरकारले ल्याउने नीति तथा कार्यक्रममा 'वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित बनाइने' भन्ने वाक्यांश या यस्तै आशयका योजनाहरू नियमित आउने गरेका छन् । बजारको मागअनुसारको जनशक्ति तयार गर्दै बाध्यात्मक वैदेशिक रोजगारी हटाउने नारा पनि धेरै वर्षदेखि दोहोरिँदै आएको छ । तर व्यवहारमा भने न त श्रमिकहरूको वैदेशिक रोजगारी सुरक्षित र मर्यादित हुन सकेको छ, न विदेसिनुपर्ने बाध्यात्मक अवस्थामा सुधार आएको छ ।

पछिल्लो १० वर्षको तथ्यांक अध्ययन गर्दा सरकारले ल्याउने नाराले तथ्यांकमा फरक नपारेको देखाउँछ । उल्टै वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दो छ । आर्थिक वर्ष २०७२/७३ मा छ लाख ४० हजारभन्दा बढी युवा रोजगारीका परदेसिएका थिए, चालु जबकि आर्थिक वर्ष २०८२/८३ को १० महिनामै छ लाख ६१ हजारभन्दा बढी युवाले रोजगारीको खोजीमा मुलुक छोडेका छन् ।

रोजगारीमा जानेहरू स्वदेशको रोजगारीले परिवार पाल्न नसकेर या बेरोजगार भएर विदेसिन बाध्य भएको बताउने गरेका छन् ।

क्रमशः पृष्ठ २ मा




श्रमविद् भन्छन्

### मूल समस्या पहिचानमै चुक्यो सरकार

सरकारले ल्याउने नीति तथा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रका विभिन्न समस्याहरू समावेश गरिए पनि समस्याको मूल जरोमा प्रहार गर्ने खालको कार्यक्रम नआएको श्रमविद् रामेश्वर नेपाल बताउँछन् । अहिले आएका कार्यक्रम महत्त्वपूर्ण भए पनि प्रमुखचाहिँ नभएको उनको भनाइ छ ।

'हामी स्रोत मुलुक भएकाले श्रमिक भर्ना प्रक्रियामा हुने शोषण नै हाम्रो मूल समस्या हो,' उनले भने, 'वैदेशिक रोजगार व्यवसायीलाई उत्तरदायी बनाउनुका साथै सरकारको नियमनकारी प्रावधानलाई सक्रिय बनाउने र सहायता संयन्त्रलाई सबल बनाएको अवस्थामा धेरै समस्या समाधान हुन्छ । यस्तो कार्यक्रम आएको देखिएन ।'

क्रमशः पृष्ठ २ मा

## संविधान संशोधन राष्ट्रिय सहमतिमै : शाह

- बिहीबार प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहले कांग्रेस नेता मीन विश्वकर्मा, एमाले नेता कृष्णभक्त पोखरेल, नेपाल कम्युनिस्ट पार्टीका नेता माधव सापकोटा, जनमत पार्टीका अध्यक्ष डा सिके राउतलगायतसँग छलफल गरेका हुन्
- संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजकसमेत रहेका शाहले सरकारले राजनीतिक दलहरूलाई समेटेर राष्ट्रिय सहमतिमै संविधान संशोधन गर्नेमा सरकारको जोड रहेको शाहको भनाई थियो



**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले संविधान संशोधनलाई राष्ट्रिय बहस र सहमतिका आधारमा अघि बढाइने बताएका छन् । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजकसमेत रहेका शाहले सरकारले राजनीतिक दलहरूलाई समेटेर राष्ट्रिय सहमतिमै संविधान संशोधन गर्नेमा सरकारको जोड रहेको बताएका छन् ।

बिहीबार विभिन्न राजनीतिक दलका नेताहरूसँग संविधान संशोधन बहसपत्र तयारीका विषयमा सुझाव संकलन गर्ने क्रममा संयोजक शाहले साझा सहमतिका सम्भावना पहिचान गर्ने काम गरिरहेको बताए । बहसपत्र तयार भएपछि त्यसलाई राष्ट्रिय बहसका लागि सार्वजनिक गरिने उनले बताए । 'सरकारलाई यो प्रक्रियामा कुनै हतारो छैन । राष्ट्रिय सहमतिविना संविधान संशोधनको गुञ्जायस हुँदैन भन्ने कुरामा सरकार पूर्ण सजग छ । कुन विषयमा संशोधन गर्ने, कुन कुरामा हात हाल्ने र कुनमा नहाल्ने भन्नेबारे राजनीतिक दल र शक्तिको साझा धारणा बुझ्न यो प्रक्रिया सुरु गरिएको हो', शाहले भने ।

छलफलमा सहभागी जनमत पार्टीका अध्यक्ष डा सिके राउतले संविधान संशोधनमार्फत गणतन्त्रलाई थप मजबुत बनाउनुपर्ने जिकिर गर्दै आमुल संरचनात्मक सुधारको प्रस्ताव अघि सारेका थिए । उनले शासकीयस्वरूप परिवर्तन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रत्यक्ष निर्वाचित नै प्रदेश प्रमुखको व्यवस्था हुनुपर्नेमा जोड दिए । संवैधानिक निकायका प्रमुख पनि निर्वाचित हुनुपर्ने र खर्चिलो निर्वाचन प्रणाली बदल्नुका साथै 'राइट टु रिजेक्ट' (अस्वीकार गर्ने अधिकार) र 'राइट टु रिकल' (प्रतिनिधि फिर्ता बोलाउने अधिकार)लाई संविधानमै ग्यारेन्टी गरिनुपर्ने राउतको सुझाव थियो । विज्ञहरूबाट मन्त्री बनाइनुपर्ने, सांसदहरूमा ह्विप लाग्न नहुने र सर्वोच्च अदालतका न्यायाधीशसमेत निर्वाचित हुनुपर्ने अध्यक्ष डा राउतको तर्क थियो ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

सदनमा सत्ताको ...

जब प्रधानमन्त्री शाहलाई उनले सिंहदरबारमा भेटे, फर्केर आएपछि स्थगित संसद् बैठक पुनःसञ्चालन गरेर उनले विपक्षी दलहरूको माग र विरोधलाई पूरापूर बेवास्ता गरे । प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक २०८३ सँगै अन्य विभिन्न विधेयकहरू प्रधानमन्त्री शाहको तर्फबाट कानुनमन्त्री सोविता गौतमलाई संसद् बैठकमा प्रस्तुत गर्न दिए । बहुमतले पारित गराए ।

जबकि, आकस्मिक र शून्य समयमा बोलिसकेपछि सभामुख अर्यालले प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम सञ्चालन गराउने अपेक्षा प्रतिपक्ष दलहरूको थियो । तर, सभामुखले त्यसो गरेनन् । विधेयकहरू प्रस्तावको कार्यसूची अघि बढाए । विपक्षी दलहरूले अवरोध गरे । प्रधानमन्त्री बालेनसँग प्रश्नोत्तर गराउन सभामुखसँग माग गरे । सभामुख अर्यालले ध्यानाकर्षण भएको बताए । तर, प्रधानमन्त्री सदनमा ल्याउनु त कता हो कता विपक्षी आवाजलाई दमन गर्दै कार्यसूचीमा रहेका सबै विधेयक प्रतिपक्ष दलहरूको विरोधको बाबजुद पारित गराए । प्रतिपक्षले भने सभामुख अर्याल सरकारको पक्षमा खुलेर उभिएको आरोप लगाए । अर्थात् सभामुख अर्यालको भूमिका सत्ता अनुकूल र प्रतिपक्ष प्रतिकूल भएको टिप्पणी गरे ।

नेपाली कांग्रेसका सचेतक निष्कल राई, एमाले प्रमुख सचेतक ऐन महर, नेकपा प्रमुख सचेतक युवराज दुलाल, श्रम संस्कृति पार्टीका नेता आरेन राई तथा राप्रपाकी सचेतक खुश्बु ओलीले एकै स्वरमा सभामुखको भूमिकामाथि आपत्ति जनाए । उनीहरूले वेल घेराउ गरे । प्रधानमन्त्री सदनप्रति उत्तरदायी हुनैपर्ने बताए । यस्तोमा रास्वपा सभापति रवि लामिछानेले भने प्रधानमन्त्री शाह छिट्टै सदनमा आएर उठेका प्रश्नको जवाफ दिने बताएका छन् ।

■■■

### प्रदेश सरकारमा...

कांग्रेस-एमालेबीच भएको पूर्वसहमति अनुसार बागमती, गण्डकी र सुदूरपश्चिममा कांग्रेस नेतृत्वको सरकार छ भने कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वमा सरकार सञ्चालन भइरहेको छ । कांग्रेस सभापति अहिले थापा छन् । उनी नेतृत्वको कांग्रेसले कोशीमा एमालेले नै गर्ने नेतृत्वमा पूर्णविराम लगाउँदै कांग्रेसले कोशीको दाबी गरेको छ । यता कर्णाली सरकारमा पनि कांग्रेसले दाबी गरिरहेको छ । यही सन्दर्भमा कांग्रेस सभापति र एमाले अध्यक्षबीचको छलफलपछि टुंगो लाग्ने बताइएको छ । यसअघि अध्यक्ष ओलीले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई पनि तीनदलीय सरकारको सम्भावनाबारे बताएका थिए । मुख्यमन्त्री शाहले ओलीको प्रस्तावलाई पार्टी सभापति थापालाई पनि सुनाएका थिए ।

अघिल्लो शनिबार कांग्रेस सभापति थापाले एमालेसँगको सहकार्य तत्काल टुट्ने सम्भावना नरहेको बताएका थिए । स्रोतका अनुसार कांग्रेस सभापतिमा निर्वाचित भएपछि पहिलोपटक सुदूरपश्चिम प्रदेश आउनुभन्दा पहिले थापाले एमाले अध्यक्ष ओलीलाई भेटेका थिए । उनले धनगढीमा तत्काल कांग्रेस र एमालेको सहकार्य कायम रहने तथा बजेटपछि तीन दलबीचको सहकार्य पनि हुनसक्ने संकेत गरे । नेकपाका संयोजक दाहालले पनि कांग्रेस र एमाले दुवैबाट प्रदेश सरकारमा सहकार्यका प्रस्ताव आएको बताएका छन् । कर्णालीमा आयोजित पत्रकार सम्मेलनमा उनले विभिन्न प्रदेशमा संयुक्त सरकार गठनबारे छलफल भइरहेको उल्लेख गरेका थिए । एमाले र नेकपाबीच एकीकरणको छलफलसमेत चलिरहेको छ ।

■■■

### कार्यक्रम र नारा...

स्वदेशमा अवसर नभएको बताउने श्रमिकहरू दलालदेखि म्यानपावरसम्मलाई लाखौं रूपैयाँ तिरेर विदेसिन तयार भएको पाइन्छ । सरकारले यही अवस्थाको अन्त्य गर्ने दाबी गर्दै हरेक वर्ष नीति तथा कार्यक्रम ल्याउँदै आएको छ । तर त्यसको कार्यान्वयन नहुँदा समस्याहरू यथावत् छन् ।

विगतका पाँच आर्थिक वर्षको नीति तथा कार्यक्रम हेर्दा एउटै समस्यालाई सम्बोधन गर्न खोज्दा पनि नसकेको जस्तो देखिन्छ । आव २०७८/७९ मा सरकारले बजारको मागअनुसारको सीपमूलक कार्यक्रम सञ्चालन गर्ने तथा दक्षताका आधारमा श्रमिकको पहिचान गर्ने कार्यक्रम ल्याएको थियो । साथै, कोभिडका कारण वैदेशिक रोजगारी गुमाएका र विदेशबाट फर्किएकालाई मुलुकमै राजेगारी दिने बताइएको थियो । तर सोही वर्षबाट कोरोनाले रोजगारी गुमाएकाहरू विदेसिने क्रम बढेको पाइन्छ । त्यस वर्ष छ लाख ३० हजारभन्दा बढी विदेसिएको तथ्यांक छ ।

आव २०७९/८० को नीति तथा कार्यक्रममा पनि स्वरोजगारकै विषयलाई जोड दिइएको थियो । तर अघिल्लो वर्षकोभन्दा धेरै सात लाख ७१ हजारभन्दा बढी युवा विदेसिए । सरकारले त्यस वर्ष श्रम सम्झौताको पुनरावलोकन गर्दै आकर्षक मुलुकमा रोजगार प्रवर्द्धन गरिने, स्थानीय तहमार्फत मनोसामाजिक सेवा, कल्याणकारी सेवा स्थानीय तहमार्फत दिइने कार्यक्रम थप गरेको थियो ।

आव २०८०/८१ को नीति तथा कार्यक्रममा दुई वर्षभित्र पाँच लाख रोजगारी सिर्जना गर्नेदेखि, सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने, दूतावासका 'हेल्प डेस्क'लाई प्रभावकारी बनाउनेसम्मका योजनाहरू थिए । तर यी कार्यक्रमको कार्यान्वयनको पाटो कतिको प्रभावकारी रहयो, यसबाट कति श्रमिक प्रत्यक्ष लाभान्वित भए भन्ने अध्ययन भएको पाइँदैन । आव २०८१/८२ को नीति तथा कार्यक्रममा पनि नयाँ श्रम सम्झौता थपेर वैदेशिक रोजगारीलाई सुरक्षित बनाइने भनिएको थियो । प्रत्येक वर्ष भन्ने गरिएको श्रम सम्झौता थप्ने विषयमा अपेक्षित प्रगति भएको पाइँदैन । रोजगारीमा जाने कामदारको निःशुल्क बैंक खाता खोल्न र सोहीमार्फत रेमिटयान्स भित्र्याउन प्रोत्साहन गर्ने कार्यक्रम उक्त वर्ष ल्याइएको थियो । अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क बनाइने भनिए पनि हालसम्म श्रमिकले निःशुल्क तालिम पाएको अवस्था छैन ।

अघिल्लो आर्थिक वर्ष २०८२/८३ मा देशभित्रै रोजगारी सिर्जना गर्न आन्तरिक रोजगार दशक घोषणा गरिएको थियो । सोही कार्यक्रम आगामी आर्थिक वर्ष २०८३/८४ मा पनि पुनः घोषणा गरिएको छ । आगामी आवदेखि आव २०९२/९३ सम्म 'रोजगार प्रवर्द्धन दशक' घोषणा गरिएको छ । साथै, २०७८ सालमै हटाइएको विमानस्थलमा रोजगारीमा जानेलाई छुट्टै लेनको व्यवस्था फेरि गरिने घोषणा गरिएको छ । विगतमा घोषणा गरिसकिएका अनि हटाइएका प्रावधान किन ल्याइयो भनेर सोध्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारिहरू नै अलमलमा देखिए । मन्त्रालयका एक अधिकारी भन्छन्, 'विगतका मन्त्रीले हटाएको कार्यक्रम अलिकति फरक नाम दिएर पुनः समावेश गरिएको छ । यो माथिबाटै आउने भएकाले हामीलाई जानकारी नै हुँदैन ।' साथै, आगामी वर्षका लागि रोजगारीबाट फर्किएकाको डिजिटल 'सीप पासपोर्ट'मार्फत अभिलेखीकरण गर्ने, अत्यधिक सेवा शुल्क र श्रम शोषणविरुद्ध कारबाही गर्नेजस्ता प्राथमिकता यो पटकको नीति तथा कार्यक्रममा राखिएका छन् ।

■■■

### मूल समस्या...

सरकारले विगतमा ल्याएका कतिपय कार्यक्रम राम्रा भए पनि तिनको कार्यान्वयनपक्ष फितलो भएको श्रमविद् नेपालले बताए । 'हालसम्मको अवस्था हेर्दा यसको कार्यान्वयनपक्ष त्यति सन्तोषजनक छैन,' उनले भने, 'फ्रि भिसा, फ्रि टिकटको कुरा या मागपत्र प्रमाणीकरणको कुरा होस्, श्रमिकलाई आवश्यक कानुनी सहायताजस्ता विषय कार्यान्वयन भएको भए अहिलेको अवस्था आउँदैनथ्यो ।'

त्यस्तै, आप्रवासनविद् डा. केशव बस्याल पनि नीति तथा कार्यक्रममा लोकप्रिय नाराहरू समेटिने र दोहोरिने गरेको बताउँछन् । यसमा समेटिएका विषयले व्यावहारिकरूपमा कति सुधार ल्यायो भन्ने कुरा महत्त्वपूर्ण हुने उनको भनाइ छ । 'जुनसुकै सरकारलाई नाराहरू मनपर्छ । सुन्दाखेरी पनि मिठो लागोस् भन्ने चाहन्छ,' उनले भने, 'त्यही भएर एउटै कुरा बारम्बार आउने हो । खासगरी आप्रवासीको जीवनमा र कठिनाइमा कतिको सुधार भयो भन्ने कुराले मापदण्ड तय गर्ने हो ।'

विगतका कार्यक्रम र बजेटमा तादाम्यता नमिल्ने परिपाटी देखिने गरेकोमा अहिलेको सरकारले त्यसलाई सम्बोधन गर्नुपर्ने बस्यालको भनाइ छ । 'नीति तथा कार्यक्रम बिरालो बाँधेको जस्तो लाग्छ । मुख्य कुराचाहिँ बजेट हो । विगतमा नीति तथा कार्यक्रम एउटा र बजेट अर्कै आएको देखिन्छ,' उनले भने, 'कतिपय नीतिमा नभएको कुराहरू बजेटमा आएको पनि पाइन्छ । हेरौं अहिलेको सरकारले यो कुरालाई कत्तिको सम्बोधन गर्छ ।'

■■■

### संविधान संशोधन...

नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले संविधानका मूलभूत विषय र प्रस्तावना चलाउन नहुने धारणा राखे । संविधानलाई गतिशील दस्तावेजको संज्ञा दिँदै विश्वकर्माले गणतन्त्र, संघीयता, समावेशिता र राष्ट्रिय सार्वभौमिकताजस्ता मूलभूत उपलब्धिमा हस्तक्षेप नगर्न सुझाव दिए । संविधानलाई सर्वसाधारणले सहजै बुझ्नसक्ने गरी सरलीकृत गर्नुपर्नेमा नेता विश्वकर्माले जोड थियो । नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य कृष्णभक्त पोखरेलले संशोधनका क्रममा संविधानको मूल आधारस्तम्भ भत्किन नहुने धारणा राखे । पोखरेलले राष्ट्रियसभाको सदस्य संख्या घटाउन, उपराष्ट्रपतिलाई नै राष्ट्रियसभाको अध्यक्षको जिम्मेवारी दिने प्रणाली अपनाउन र प्रदेशमा बढीमा पाँचदेखि सात जनामात्र मन्त्री राख्ने व्यवस्था गर्न जोड दिए ।

नेपाली कम्युनिस्ट पार्टीका नेता माधव सापकोटाले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने बताए । सापकोटाले पनि उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउनुपर्ने र विज्ञबाट मन्त्री चयन गर्ने व्यवस्था उपयुक्त हुने उल्लेख गरे । राष्ट्रप्रमुखलाई स्वेच्छाचारी बन्न नदिन महाभियोग र नियन्त्रण सन्तुलनका संयन्त्र स्पष्ट हुनुपर्ने नेता सापकोटाले बताए । पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले विगतका सात संविधानका सबल र दुर्बल पक्षको पूर्वाग्रहरहित समीक्षा गरेर मात्र दीर्घकालीन संविधान संशोधनको मार्गचित्र कोर्नुपर्ने सुझाव दिए । पाण्डेले हतारमा निर्णय गर्दा संविधान निर्जिव बन्ने खतरा औंल्याउँदै वर्तमान सरकारलाई राजनीतिक हतारो नभएकाले ऐतिहासिक रूपमा परिपक्व काम गर्न आग्रह गरे ।

छलफलका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले संविधान संशोधनका लागि अहिले उपयुक्त समय भएको भन्दै आम नागरिकका विचार समेटेर छिटो अघि बढ्नुपर्ने बताए । सबै राजनीतिक दलहरू आन्तरिक तयारी र आपसी संवादमा जुटिसकेकाले अब संविधान संशोधनको विषय चाँडै अगाडि बढ्नु सकारात्मक भएको उनको धारणा थियो । वर्षौंदेखि अड्किएका कानुनी र संवैधानिक गाँठोहरू फुकाउन सबै दल यसरी एकैठाउँमा आउनु तथा सरकारले चालेका कदममा सकारात्मक हुनु देशको राजनीतिक निकासका लागि उत्साहजनक र स्वागतयोग्य संकेत भएको मुख्य सचेतक बुर्लाकोटीको भनाइ थियो ।

■■■

# चारआली सर्पदंश उपचार केन्द्रमा उपचार गर्ने बढ्दै

**झापा–** झापाको चारआली सर्पदंश उपचार केन्द्र विषालु सर्पको डसाइबाट पीडित नागरिकको भरपर्दो उपचार केन्द्र बन्दै गएको छ । गर्मीयामसँगै पूर्वी नेपालका तराई तथा पहाडी क्षेत्रमा सर्पदंशका घटनामा उल्लेख्य वृद्धि हुने गरेका छन् । यहाँ गोमन, करेत, भाइपर र गुर्बेजस्ता यस क्षेत्रमा बर्सेनि सयौं नागरिक बिरामी हुने गरेका छन् ।

नेपाली सेनाको प्राविधिक सहयोग र स्थानीय समुदायको व्यवस्थापनमा सञ्चालित उक्त केन्द्र पीडितका लागि भरोसा बन्न थालेको हो । वि.सं. २०६१ मा स्थापना भएको यस केन्द्रबाट हालसम्ममा २१ हजार ७८६ जनाले उपचार सेवा लिइसकेका छन् ।

केन्द्र सञ्चालक समितिका अध्यक्ष दुर्गा भट्टराईका अनुसार पछिल्लो चार वर्षमा नेपाली सेनाको अरिदमन गणस्थित यस केन्द्रमा तीन हजार ८०० जनाले उपचार गराएका छन् । गत वैशाखमामात्रै यहाँ सर्पले डसेका ४७ जना बिरामीको उपचार गरिएको छ । २१ शय्या क्षमताको यस केन्द्रमा चार जना प्राविधिक कार्यरत छन् । यहाँ उपचार गराइरहेका बिरामीलाई थप जटिलता आएमा भद्रपुरस्थित प्रादेशिक अस्पतालले आवश्यकताअनुसार निःशुल्क सघन उपचार कक्ष (आइसियू) सेवा उपलब्ध गराउँदै आएको छ ।

केही वर्षयता तराईमामात्र नभई इलाम, पाँचथरलगायत पहाडी जिल्लामासमेत सर्पदंशका घटना बढ्दै गएका छन् । नेपालमा पाइने ८९ प्रजातिका सर्पमध्ये १७ प्रजाति विषालु छन्, जसमा सबैभन्दा बढी विषालु गोमनका तीन प्रजाति पर्दछन् ।

पहिले तराईमामात्रै सीमित गोमन सर्प अचेल पहाडी भूभागमासमेत देखिन थालेको छ । खानेपानीको पाइप, काठ तथा अन्य सामग्रीमा बेरिएर बसेका तराईका सर्पहरू मालवाहक ट्रक तथा अन्य सवारीसाधनमार्फत पहाड पुग्ने गरेको केन्द्रका अध्यक्ष भट्टराईले बताए । पहाडी क्षेत्रमा भने विशेषगरी 'गुर्बे' नामक सर्पको बिगबिगी छ । उनका अनुसार गोमनले डस्दा मानव शरीरमा २०० मिलिग्रामसम्म विष फैलाउन सक्ने क्षमता हुन्छ । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७३/०६/०५ मा दर्ता भएको **प्रा. लि. नं. १५६२१८** को **महागुरु मिडिया नेटवर्क प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७४/०५/०६ मा दर्ता भएको **प्रा. लि. नं. १७३६३६** को **बसन्त रितु कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०८ गते**

यस कम्पनीको मिति २०८३/०१/२३ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **डि.बि.एम इन्भेस्टमेन्ट** (दर्ता नं. ३३७१६९) को नाममा रहेको चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **स्वस्ति भेन्चर्स प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८३/०२/०८ गते**

यस कम्पनीको मिति २०८२/०३/१७ मा सम्पन्न भएको विषेश साधारण सभाद्वारा यस **श्री व्यवसायिक प्रशिक्षण केन्द्र** को नाम परिवर्तन गरी **श्री एस्थेटिक्स ब्युटी ऐकेडेमी (दर्ता नम्बरः २२१९५।४९२ र स्थायी लेखा नम्वर (PAN नम्बरः ३०२२५९१७१)** कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/१२/३० गतेको निर्णय अनुसार स्विकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **Munal Overseas Pvt. Ltd.** (ई.प.नं. ४६५/०६०/०६१) मा कार्यरत **कुन्तराज तामाङ** (ना.प्र.प्र.नं. ३३६७१) रामेछापलाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

MUNAL OVERSEASE PVT. LTD
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**युएइमा रोजगार** — कम्पनी : M B K SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 329733 | चलानी नं. ६०२४३५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ५०,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | security guard (psbd) | 100 | 20 | 2000 | ८४,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: - संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।
- संस्थाको शाखा कार्यालय, झापामा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।
- रुपन्देही, बुटवल, Dolsey Restaurant and Bar, मा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ । साथै यही मितिमा Online Interview पनि हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
श्रम इजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : GULF GOLD FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 342411 | चलानी नं. ६०२५५७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४९,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**ओमनमा रोजगार** — कम्पनी : NUZHAT MUSCAT LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 342415 | चलानी नं. ६०२५५७१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | 150 | ६०,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food Waiter (Male) | 1 | 0 | 150 | ६०,४३४ | | | | | | | |
| 3. | Pastries & Pies Maker | 1 | 0 | 170 | ६८,४९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**युएइमा रोजगार** — कम्पनी : ABU DHABI MANPOWERSUPPLY COMPANY -SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 342233 | चलानी नं. ६०२५५७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 33 | 0 | 1500 | ६३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason (General) | 30 | 0 | 1500 | ६३,२६० | | | | | | | |
| 3. | Riggers | 20 | 0 | 1500 | ६३,२६० | | | | | | | |
| 4. | Scafolder | 20 | 0 | 1500 | ६३,२६० | | | | | | | |
| 5. | STEEL FIXER | 20 | 0 | 1500 | ६३,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



**कतारमा रोजगार** — कम्पनी : Hhthe Emir Father Private Office

पूर्व स्वीकृति मिति : २०८१/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 313505 | चलानी नं. ६०२२७९२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 44 | 0 | 1000 | ४२,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु [illegible]/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



**बहराइनमा रोजगार** — कम्पनी : KEWALRAM & SONS W.L.L

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342449 | चलानी नं. ६०२५५७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 15 | 0 | 150 | ६१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 15 | 0 | 150 | ६१,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com



**ZERO COST RECRUITMENT Opportunity For Malaysia !!**
**RBA COMPLIANCE**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर !!**
**आर.वि.ए. मापदण्ड**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
Free Food | Transportation | Accommodation from Interview to Deployment!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY : SYAQUA SDN BHD
कम्पनी : स्याक्वा एसडीएन बीएचडी

Pre Approval Date : 2083/02/06 | LT. No. 342407 | Invoice No. 60255708
पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | एल टि न. ३४२४०७ | चलानी नं. ६०२५५७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

The final interview will be conducted in the office on 29th May 2026.
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १५ गते हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4962338

सरकारलाई संसदीय समितिको निर्देशन–

# सुकुमबासीको समस्या तत्काल समाधान गर्नू

■ प्रभाव संवाददाता

**काठमाडौँ–** संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको संयुक्त बैठकमा सांसदहरूले सुकुमबासी समुदायको समस्या तत्काल समाधान गर्न सरकारलाई सक्रिय हुन आग्रह गरेका छन्। उनीहरूले योजनाविहीन व्यवस्थापन र बस्ती हटाउने कार्यले सुकुमबासी थप समस्यामा परेका बताए।

बैठकमा सांसद श्रीकृष्णप्रसाद अधिकारीले सुकुमबासीको उचित व्यवस्थापन हुन नसक्दा उनीहरू मानसिक तनावमा रहेको उल्लेख गर्दै संविधानले सुनिश्चित गरेको आवासको अधिकारसमेत प्रभावित भएको बताए। उनले सुकुमबासीले न पर्याप्त रोजगारी पाएको, न स्वास्थ्य सेवाको सहज पहुँच पाएको जिकिर गर्दै लालपुर्जाको अभावले उनीहरूको अवस्था थप जटिल बनेको बताए।

सांसद उदयबहादुर बोहोराले वास्तविक सुकुमबासी नै बढी समस्यामा परेका उल्लेख गर्दै तयारीविना डोजर प्रयोग गरेर बस्ती हटाउँदा समस्या थपिएको बताए। सांसद नरबहादुर विष्टले सुकुमबासी समस्या समाधानका लागि सरकारले यथाशीघ्र आवश्यक कदम चाल्नुपर्ने भन्दै सरकारलाई निर्देशन दिन आवश्यक रहेको बताए।

सांसद विष्णुकुमारी सापकोटाले उचित तयारीविना सुकुमबासी बस्ती खाली गराउँदा नागरिक समस्यामा परेका उल्लेख गर्दै यस विषयमा सरकारलाई बोलाएर समितिमा गम्भीर छलफल गर्न आग्रह गरिन्। सांसद रोशनी मेचेले सुकुमबासी व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना आवश्यक रहेको उल्लेख गर्दै मानव अधिकारको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताइन्।

सांसद चन्द्रबहादुर केसीले छलफलमा उठेका विषयलाई गम्भीररूपमा लिएर कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए। सांसद रञ्जित कर्णले सुकुमबासी समस्या समयमै समाधान हुन नसके बालबालिकाको शिक्षा प्रभावित हुने बताए। उनले सुकुमबासी बस्तीका बालबालिका विद्यालय जानबाट वञ्चित हुन सक्ने अवस्था सिर्जना हुन सक्ने भन्दै यस विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए।

सांसद मदनकुमारी शाह (गरिमा)ले सुकुमबासी समस्या समाधानका नाममा नागरिकका १६ मौलिक हक प्रभावित भएका भन्दै यसतर्फ सरकारको ध्यानआकर्षण गराइन्। सांसद नारायणदत्त मिश्रले बाढीका कारण सुकुमबासी बस्तीका नागरिक हरेक वर्ष जोखिममा पर्ने गरेका उल्लेख गर्दै राज्यले समयमै प्रभावकारी काम गर्न नसकेको टिप्पणी गरे।

सांसद पदमबहादुर परियारले सुकुमबासी बस्तीमा रहेका अपांगता भएका र अशक्त व्यक्ति अझ बढी प्रभावित भएका भन्दै उनीहरूको आवश्यकतालाई प्राथमिकतामा राखेर व्यवस्थापन गर्नुपर्नेमा जोड दिए। बैठकमा सांसदहरूले सुकुमबासी समस्या केवल आवाससँग मात्र सम्बन्धित विषय नभई मानव अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षासँग जोडिएको विषय भएकाले राज्यले समाधान खोज्नुपर्नेमा जोड दिए।

## त्रिविका हरेक क्याम्पसमा 'स्मार्ट' कक्षा सञ्चालन गरिने

**काठमाडौँ (प्रस)–** त्रिभुवन विश्वविद्यालयले आगामी वर्षसम्ममा आफ्ना आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा कम्तीमा एउटा स्मार्ट कक्षा सुरु गर्ने भएको छ।

नेपालस्थित युनेस्को कार्यालय, चिनियाँ कम्पनी म्याक्स हबको सहयोगमा यो कक्षा सुरु गर्न लगिएको हो। विश्वविद्यालयको कीर्तिपुरस्थित शिक्षा शास्त्र केन्द्रीय विभागमा स्मार्ट कक्षाको बिहीबार उद्घाटन गर्दै उपकुलपति प्रा.डा. सुशील बज्राचार्यले सो जानकारी दिएका हुन्। कक्षामा हुने पठनपाठनलाई एकोहोरो पढाउने शैलीबाट मुक्त गरी अन्तरक्रियात्मक बनाउन स्मार्ट कक्षा आवश्यक भइसकेको उनले बताए।

'पछि क्रमशः सबै कक्षाहरूलाई स्मार्ट प्रविधि प्रयोग गर्दै स्मार्ट कक्षामा परिणत गर्दै लगिने छ,' उनले भने। यसले पठनपाठन र समग्र शैक्षिक नतिजाकै सुधारमा ठूलो मद्दत हुने उनको भनाइ छ। इन्जिनियरिङ अध्ययन संस्थानमा लामो समय प्राध्यापन गरेका उपकुलपति बज्राचार्यले त्यहाँ स्मार्ट प्रविधिको प्रयोग निकैअघि देखि भएको जानकारी दिँदै त्यसको अनुभवका आधारमा सबै क्याम्पसमा स्मार्ट कक्षा सञ्चालन गर्न खोजिएको बताए।

## उपकुलपतिका लागि प्राप्त आवेदनमाथि थालियो छानबिन

**काठमाडौँ (प्रस)–** विभिन्न आठ विश्वविद्यालयको रिक्त उपकुलपति पदका लागि परेका कूल २१८ उम्मेदवारको आवेदनमाथि छनोट तथा सिफारिस समितिले अध्ययन सुरु गरेको छ। उपकुलपति नियुक्तिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा रहेको छनोट तथा सिफारिस समितिले इच्छुक तथा योग्य उम्मेदवारलाई १० दिनभित्र दरखास्त दिन गत वैशाख २५ गते आह्वान गरेको थियो। उक्त सूचना बमोजिम सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा ५० जनाले आवेदन दिएका छन्।

पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयका लागि ३८/३८, सुदूरपश्चिम विश्वविद्यालयका लागि १९, मध्यपश्चिम विश्वविद्यालय २०, लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि ११, कृषि तथा वन विज्ञान विश्वविद्यालयका लागि १५, राजर्षि जनक विश्वविद्यालयका लागि २७ जनाले आवेदन दिएका मन्त्रालयले जनाएको छ। आवेदकहरूको कागजात अध्ययन (छानबिन) गरी स्वीकृत उम्मेदवारको सूची प्रकाशन गरेर छनोट प्रक्रिया आरम्भ गर्ने तयारी समितिले गरेको छ।

गत वैशाख २४ गते स्वीकृत 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' स्वीकृत भएको थियो। नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी भएको सार्वजनिक निकायका पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष अध्यादेशबाट विभिन्न विश्वविद्यालयका पदाधिकारी पदमुक्त भएपछि नयाँ नियुक्तिको प्रक्रिया सुरु भएको हो। छनोटका लागि शिक्षामन्त्री सस्मित पोखरेल, शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलसहित सम्बन्धित विश्वविद्यालयका लागि सम्बन्धित विज्ञ रहेको समिति गठन गरिएको छ।

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना ८ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

**१) शाखा कार्यालय : नारायणगढ शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| रतन बहादुर गुरुङको बुहारी कुश बहादुर गुरुङको पत्नी लमजुङ जिल्ला फलेती वडा नं. ७ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १९ बस्ने **उसा कुमारी गुरुङ्ग** (ना.प्र.नं. : ४५३०५३/८७ जारी मिति र जिल्ला : २०६३/१०/२२, लमजुङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) रतन बहादुर गुरुङको नाति कुश बहादुर गुरुङको छोरा लमजुङ जिल्ला दोर्दी गा.पा. वडा नं. ७ हाल, चितवन जिल्ला भरतपुर मा.न.पा. वडा नं. १९ बस्ने **विकम गुरुङ** (ना.प्र.नं. : ४५-०१-७४-०५१३९ जारी मिति र जिल्ला : २०७४/१२/१२, लमजुङ) |
| २) मंगल लाल लामाको छोरी विर बहादुर लामाको बुहारी सन्त लामाको पत्नी चितवन जिल्ला गुञ्जनगर गा.वि.स. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. १९ बस्ने **सुनिता लामा** (ना.प्र.नं. : ३५-०१-७०-००९८७ जारी मिति र जिल्ला : २०७०/१०/०२, चितवन) |

**२) शाखा कार्यालय : कुमारीपाटी शाखा** — **कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **श्री सिद्धकाली कृषि फर्म** उद्योगीको नाम : लक्ष्मी राई प्रा.फ. दर्ता नं. : २२८०९/१२५/०७७/०७८<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७७/११/२८<br>रजिष्टर्ड ठेगाना : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २४ स्थायी लेखा नं. : ६१५४७७६८२ |
| **प्रोप्राइटरको विवरण** |
| राम प्रसाद राईको बुहारी सन्तोष राईको पत्नी भोजपुर जिल्ला छिनामखु गा.वि.स. वडा नं. ५ हाल, ललितपुर जिल्ला म.न.पा. वडा नं. २४ बस्ने **लक्ष्मी राई** (ना.प्र.नं. : ०९१०२८/२५ जारी मिति र जिल्ला : २०६४/०३/१०, भोजपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) बद्रि प्रसाद राईको नाति राम प्रसाद राईको छोरा भोजपुर जिल्ला छिनामखु गा.वि.स. वडा नं. ५ हाल, ललितपुर जिल्ला म.न.पा. वडा नं. २४ बस्ने **सन्तोष राई** (ना.प्र.नं. : ३१६७/३९९९ जारी मिति र जिल्ला : २०४४/१२/०९, भोजपुर) |
| २) राम बहादुर गिरीको नाति भिम बहादुर गिरीको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. २५ हाल, ललितपुर म.न.पा. वडा नं. २४ बस्ने **राजु गिरी** (ना.प्र.नं. : १००९८ जारी मिति र जिल्ला : २०४२/०२/३०, ललितपुर) |

**३) शाखा कार्यालय : भुमही शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| लक्षनराज भरको छोरी चतुरगुन भरको बुहारी लाल बहादुर भरको पत्नी नवलपरासी जिल्ला गेरमी वडा नं. ५ हाल, रामग्राम न.पा. वडा न. १ बस्ने **नगिना देवी भरीन** (ना.प्र.नं. : ४४४ जारी मिति र जिल्ला : २०४६/०३/०२, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| चतुरगुन भरको नाति लाल बहादुर भरको छोरा रुपन्देही जिल्ला गेर्मी वडा न. ५ हाल, नवलपरासी जिल्ला रामग्राम न.पा. वडा न. १ बस्ने **रामसमुझ राज भर** (ना.प्र.नं. : ३१६४४ जारी मिति र जिल्ला : २०५२/०९/१६, नवलपरासी) |

**४) शाखा कार्यालय : न्युरोड शाखा** — **कर्जा शीर्षक : महिला उद्यमशिल कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **समिट वेलनेस प्रा.लि** व्यवसायको नाम : इन्द्रा देवी मगर दर्ता.नं. : २५५५३७/०७७/०७८<br>दर्ता गर्न कार्यलय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७७/१०/२९<br>रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ स्थायी लेखा नं. : ६०९९३३४३१ |
| **व्यवसायको विवरण** |
| गोरख बहादुर थापाको बुहारी राजेश कुमार थापा मगरको पत्नी डोटी जिल्ला सरस्वतीनगर वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १६ बस्ने **इन्द्रा देवी मगर** (ना.प्र.नं. : ०६८३०४८/५३६ जारी मिति र जिल्ला : २०६३/११/०१, डोटी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| कमल सिंह थापा मगरको नाति गोरख बहादुर थापा मगरको छोरा डोटी जिल्ला सरस्वतीनगर वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १६ बस्ने **राजेश कुमार थापा मगर** (ना.प्र.नं. : ०६/११३४७/०५५ जारी मिति र जिल्ला : २०५५/०९/२६, डोटी) |

**५) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| बहादुर साहको नाति राम कुमार साहको छोरा सिराहा जिल्ला जमदह वडा नं. १ हाल, गोलबजार न.पा. वडा नं. ३ बस्ने **रुपेश कुमार साह** (ना.प्र.नं. : १५१०४५/१३१६८ जारी मिति र जिल्ला : २०६८/०३/२६, सिराहा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) बाबुजी साहको नाति बहादुर साहको छोरा सिराहा जिल्ला जमदह वडा नं. १ हाल, गोलबजार न.पा. वडा नं. ३ बस्ने **राम कुमार साह** (ना.प्र.नं. : २१/७७/२२० जारी मिति र जिल्ला : २०४३/०४/२९, सिराहा) |
| २) रामचन्द्र साहको नाति काशी साहको छोरा सिराहा जिल्ला जमदह वडा नं. १ हाल, गोलबजार न.पा. वडा नं. ३ बस्ने **राजेश कुमार साह** (ना.प्र.नं. : १५१०४५/४६५९ जारी मिति र जिल्ला :२०६७/०३/२७, सिराहा) |

**६) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| फुदन साह तेलिको नाति दुःखी साह तेलिको छोरा सिराहा जिल्ला जम्दह गा.वि.स. वडा नं. ५ हाल, गोलबजार न.पा. वडा नं. ३ **विन्दु कुमार साह** (ना.प्र.नं. : १९०९-३१३४५ जारी मिति र जिल्ला : २०५८/०९/२२, सिरहा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) दुःखी साह तेलिको बुहारी विन्दु कुमार साहको पत्नी सिराहा जिल्ला जम्दह वडा नं. ५ हाल, गोलबजार न.पा. वडा नं. ३ बस्ने **रेखा देवि साह** (ना.प्र.नं. : १५३०४५/२६८ जारी मिति र जिल्ला : २०६३/११/१८, सिराहा) |
| २) बासुदेव साह तेलिको नाति नन्दु साह तेलिको छोरा सिराहा जिल्ला वलकावा वडा नं. ७ हाल, गोलबजार न.पा. वडा नं. ३ बस्ने **अरुण कुमार साह** (ना.प्र.नं. : ४९ जारी मिति र जिल्ला : २०६१/११/१३, सिराहा) |

**७) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| राम दयाल सिहंको बुहारी उपेन्द्र कुमार सिहंको पत्नी सिराहा जिल्ला मझौलिया वडा नं. १ हाल, गोलबजार न.पा. वडा नं. ४ बस्ने **अनिता देवि सिहं** (ना.प्र.नं. : १५३०९९/२३६ जारी मिति र जिल्ला : २०६३/१२/२३, सिराहा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) जगदिश सिहंको नाति राम दयाल सिहंका छोरा सिराहा जिल्ला मझौलिया वडा नं. १ हाल, गोलबजार न.पा. वडा नं. ४ बस्ने **उपेन्द्र कुमार सिहं** (ना.प्र.नं. : २४६/६५६ जारी मिति र जिल्ला : २०६१/०१/२०, सिराहा) |
| २) रामपृत साहको नाति सिताराम साहु हलुवाइको छोरा सिराहा जिल्ला असनपुर वडा नं. ४ हाल, गोलबजार न.पा. वडा नं. ४ बस्ने **प्रदिप कुमार साह** (ना.प्र.नं. : ३०३/४६६ जारी मिति र जिल्ला :२०४८/०७/१२, सिराहा) |

**८) शाखा कार्यालय : सिद्धिचरण शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| हर्ज जित राईको नाति गगन ध्वज राईको छोरा ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ४ बस्ने **सुभाने राई** (ना.प्र.नं. : १३७१७५८ जारी मिति र जिल्ला : २०४२/०४/२८, ओखलढुंगा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) चन्द्र बहादुर राईको नाति गाम्बा राईको छोरा ओखलढुंगा जिल्ला केत्तुके वडा नं. ६ हाल, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ४ बस्ने **पुष्प राई** (ना.प्र.नं. : १३१०५५/५४६ जारी मिति र जिल्ला : २०६९/११/३०, ओखलढुंगा ) |
| २) कृष्ण बहादुर राईको नाति चितामन राईको छोरा ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ४ बस्ने **दिनप राई** (ना.प्र.नं. : १३१०५५/४५३ जारी मिति र जिल्ला : २०६९/०१/२९, ओखलढुंगा) |
| ३) गगन ध्वज राईको बुहारी सुभाने राईको पत्नी ढकल सिं राईको छोरी ओखलढुंगा जिल्ला केत्तुके वडा नं. ६ हाल, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ४ बस्ने **मनी कुमारी राई** (ना.प्र.नं. : १३१०५५/०५२ जारी मिति र जिल्ला : २०६९/१०/१९, ओखलढुंगा) |

**९) शाखा कार्यालय : जोरपाटी शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| देवनारायण दुलालको नाति राम हरी दुलालको छोरा सिन्धुपाल्चोक जिल्ला गा.वि.स. मेलम्ची वडा नं. ५ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ७ बस्ने **तारा नाथ दुलाल** (ना.प्र.नं. : १५१०६७ जारी मिति र जिल्ला : २०६२/१२/२२, सिन्धुपाल्चोक) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) राम हरी दुलालको बुहारी तारानाथ दुलालको पत्नी सिन्धुपाल्चोक जिल्ला न.पा. मेलम्ची वडा नं. ११ हाल, काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ७ बस्ने **रमा चौलागाई (दुलाल)** (ना.प्र.नं. : २४-०१-७४-००६५४, जारी मिति र जिल्ला : २०७४/०२/११, सिन्धुपाल्चोक) |
| २) मेघनाथ चौंलागाईको नाति बालहरी चौंलागाईको छोरा सिन्धुपाल्चोक जिल्ला भोटेचौर गा.वि.स. वडा नं. ४ हाल, काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ७ बस्ने **रमेश चौंलागाई** (ना.प्र.नं. : २४-०-७०-००८८२ जारी मिति र जिल्ला : २०७०/०२/०७, सिन्धुपाल्चोक) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## मोटरसाइकल हरायो

मिति २०८३/०१/२७ गते साँझको समयमा भक्तपुर जिल्ला मध्यपुरठिमी-३ गट्ठाघरबाट कालो रंगको बजाज कम्पनीको बा प्र ०२-०६४ प ७६१२ नम्बरको Pulsar 200 (NS FI ABS) मोटरसाइकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनी: हुलास फिन सभ हायर पर्चज लि. (ऋणी सुमन दाहाल)**
**च्यासिस नं.:** D2A36FX0SCJ80594
**इन्जिन नं.:** JLXCSJ57390
**ठेगाना:मध्यपुरठिमी-३ गट्ठाघर भक्तपुर**
**सम्पर्क नं.: ९८४५३८८२३१**

## VACANCY ANNOUNCEMENT

This company is looking for an employee with Chinese language proficiency and knowledge of the handicraft business.

**High Priority-chinese citizen**
Required No. - 15

*Interested candidates may send their CV to email:*
***anatamang015@gmail.com***

**TRADE FAIR TREASURES PVT. LTD.**
**Lalitpur, Nepal**

## युएइमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 339442 | चलानी नं. ६०२५२८८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 80 | 0 | 1000 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Operator | 80 | 0 | 1500 | ६३,२६० | | | | | | | |
| 3 | Riggers | 5 | 0 | 1500 | ६३,२६० | | | | | | | |
| 4 | Scaffolder | 30 | 0 | 1500 | ६३,२६० | | | | | | | |
| 5 | Welder/installer | 5 | 0 | 1500 | ६३,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/०८ गते**

यस कम्पनीको मिति २०८३/०२/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माता मनकामना फ्रेस मिट एण्ड कोल्ड स्टोर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गाउँले खसी प्रा.लि. (प्रा.लि.नं. ८६३०३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

## जापानमा रोजगार

कम्पनी : SHO JIN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०९/१३ | पून: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 336167 | चलानी नं. ६०२४९८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trainee/Intern | 0 | 5 | 177168 | १,७२,५१७ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

## एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८३/०२/०८

यस बैंकको निक्षेपकर्ता श्री मनोरथ ढुङगेलको नाति, श्री तारानाथ ढुङगेलको छोरा, मकवानपुर जिल्ला, हेटौडा उप-महानगरपालिका, वडा नं ५ बस्ने वर्ष ३८ को श्री **उत्तम ढुङगेल**को (ना.प्र.प्र.नं ३११०२३/४६४२८, जारी मिति २०६४/०८/२०, जारी जिल्ला मकवानपुर) को मिति २०८२/१२/०८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको आमा हरिमाया ढुङगेलले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको आमा हरिमाया ढुङगेलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कतार/साउदीमा रोजगारको अवसर

कम्पनी : DHAKA POINT FOR CLEANING AND HOSPITALITY — For Contact : 9804666334 — सेवा शुल्क: १०,०००/-

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 338346 | चलानी नं. ६०२५१८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब qr | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Hospital | 3 | 0 | 1200 | ५०,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dishwashing And Cleaning | 2 | 0 | 1000 | ४२,४८१ | | | | | | | |
| 3. | Dry Clean Worker | 8 | 0 | 1200 | ५०,९७७ | | | | | | | |
| 4. | Elevator Operator | 1 | 0 | 3500 | १४८६८२ | | | | | | | |
| 5. | Gen.clean Worker | 2 | 0 | 1000 | ४२,४८१ | | | | | | | |
| 6. | Labour | 2 | 0 | 1000 | ४२,४८१ | | | | | | | |
| 7. | Receptionist | 1 | 0 | 1500 | ६३,७२१ | | | | | | | |
| 8. | Wash Machine Tech | 2 | 0 | 1800 | ७६,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ।
नोट : लट नं. ३३८३४६ को विज्ञापन मिति २०८३ जेठ ७ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८३ जेठ ८ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY — सेवा शुल्क: नि:शुल्क — For Contact : 9746295328

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 342338 | चलानी नं. ६०२५५७१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Scaffolder Labour | 50 | 0 | 1500 | ६१,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WRASS OPERATION MAINTENANCE COMPANY — सेवा शुल्क: नि:शुल्क — For Contact : 9801168467

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 333185 | चलानी नं. ६०२४६८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Hospital-Indoor) | 0 | 60 | 1000 | ४१,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, सानोठिमी भक्तपुरको**

**श्री व्यवसायिक प्रशिक्षण केन्द्र का.म.न.पा-२९, काठमाडौंको नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०२/०८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिको Assistant Beautician-390hrs को तालिम सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री व्यवसायिक प्रशिक्षण केन्द्र का.म.न.पा-२९**, काठमाडौंले संस्थाको नाम परिवर्तन गरी **श्री एस्थेटिक्स ब्युटी एकेडेमी** र ठाउँ परिवर्तन (ठाउँसारी गरी **का.म.न.पा ३१, मध्य बानेश्वर, काठमाडौं** कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन र स्वीकृत उल्लेखित कार्यक्रम प्रति कोहि कसैको हकदाबी विरोध गुनासो आदि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ। उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी भक्तपुर**
**फोन नं. ०१-६६३०४०८, इमेल :** ctevtaccreditation061@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सभामुखबाट भूमिका तटस्थ होस्

**संसदीय शासन व्यवस्थाको मूल आधार भनेकै कार्यपालिका संसद् प्रति उत्तरदायी हुनु हो । संसद्बाट चुनिएको प्रधानमन्त्री संसद्कै निगरानी, प्रश्न र आलोचनाको घेराभित्र रहनुपर्छ । यही अभ्यासले लोकतन्त्रलाई स्वेच्छाचारितातर्फ जानबाट रोक्छ । तर, पछिल्ला घटनाक्रमले एउटा गम्भीर प्रश्न उठाएको छ–के प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री वालेन्द्र शाहलाई संसद्प्रति उत्तरदायी बनाउन आफ्नो संवैधानिक भूमिका निर्वाह गर्न सके त ?**

**२९ वैशाखयता सदनमा प्रतिपक्ष दलले लगातार उठाइरहेको एउटै माग हो – प्रधानमन्त्रीको जवाफ चाहियो । कार्यपालिका संसद्प्रति जवाफदेही हुनुपर्छ भन्ने मान्यता लोकतान्त्रिक व्यवस्थाको आत्मा नै हो । तर, सभामुखको व्यवहारले भने यो मागलाई गम्भीर रूपमा लिइएको देखिँदैन । प्रतिपक्षले बारम्बार प्रधानमन्त्रीको उपस्थितिको माग गरिरहँदा सभामुखले आलटाल गरिरहेका छन् । यसले सभामुखको भूमिकामाथि प्रश्न उठाएको छ । सभामुखको जिम्मेवारी केवल बैठक सञ्चालन गर्नु वा सरकारको आदेशपालक बन्नुमात्र होइन । संसदमा सत्ता र प्रतिपक्षबीच उत्पन्न मतभेदलाई संवाद र सहमतिमार्फत व्यवस्थापन गर्नु पनि हो । संसद्मा सबै पक्षलाई सुन्ने वातावरण बनाउनु, प्रतिपक्षको आवाजलाई सम्मान गर्नु र गतिरोध अन्त्यका लागि सहजीकरण गर्नु हो । त्यसैले सभामुखलाई संसदकै नेता मानिन्छ ।**

**विगतका सभामुखहरूको अभ्यास हेर्दा पनि विपक्षीलाई धम्क्याउने, बेवास्ता गर्ने चरित्र संविधानले परिकल्पना गरेको छैन । प्रतिपक्ष असन्तुष्ट हुँदा त्यसलाई सम्बोधन गर्ने जिम्मेवारी सभामुखको हुन्छ । तर, प्रतिपक्षलाई 'अवरोधकर्ता' को रूपमा चित्रित गर्दै बहुमतको बलमा संसद् चलाउने दिशातर्फ उन्मुख देखिन्छ सभामुख । यस्तो शैलीले अल्पकालीन रूपमा सरकारको काम सहज होला, तर दीर्घकालीन रूपमा संसदीय संस्कृतिलाई कमजोर बनाउँछ ।**

**सदनमा लगातार खोजिए पनि प्रधानमन्त्रीको उपस्थिति हुन सकेको छैन । अझ प्रतिपक्षले औपचारिक रूपमा प्रश्नोत्तरको माग गरिरहँदा पनि प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउन सभामुखले सक्रिय पहल नगर्नु झन् चिन्ताजनक देखिन्छ । यदि सरकार संसद्प्रति उत्तरदायी बन्न इच्छुक छैन भने त्यसलाई सम्झाउने पहिलो दायित्व सभामुखकै हुन्छ । सभामुखको कुर्सी कुनै दलगत निष्ठा प्रदर्शन गर्ने स्थान होइन । एकपटक त्यो पदमा पुगेपछि व्यक्ति आफ्नो पार्टीगत पहिचानभन्दा माथि उठ्नुपर्छ । संसद् केवल संख्याको खेल होइन, विश्वास, संवाद र सहमतिमा टिक्ने संस्था पनि हो ।**

**अहिलेको परिस्थितिमा सभामुखले आत्मसमीक्षा गर्नु आवश्यक छ । सभामुखले आफूलाई सरकार र प्रतिपक्षबीचको निष्पक्ष पुलका रूपमा स्थापित गर्न नसके संसद् झन् बढी टकरावको मैदान बन्न सक्छ । लोकतन्त्रमा सत्ताको शक्ति भन्दा संस्थाको विश्वसनीयता ठूलो हुन्छ । सभामुखले त्यो विश्वसनीयता जोगाउन नसके क्षति केवल व्यक्तिको होइन, समग्र संसदीय प्रणालीकै हुनेछ ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# विश्व फुटबलको महाकुम्भ मेला



❑ नवीन लुइँटेल

> विश्वकपको फाइनल चरणमा अफ्रिकी राष्ट्र केप भेर्डे, क्यारेबियन राष्ट्र कुराकाओ तथा एसियाली देश जोर्डन र उज्वेकिस्तानले पहिलोपटक स्थान बनाएका छन् । तर बलियो तथा चारपटकको विश्वविजेता इटाली लगातार तेस्रोपटक विश्वकपमा पुग्न असफल भयो । युरोपियन छनोटको प्लेअफ फाइनलमा बोस्निया-हर्जगोभिनासँग पराजित हुँदै इटाली विश्वकपबाट बाहिरिएको हो । इटालीमात्र नभई विश्वकपमा बलियो उपस्थिति जनाउँदै आएका पोल्याण्ड, डेनमार्क, चिली, क्यामरून र नाइजेरियाजस्ता शक्तिशाली राष्ट्र पनि यसपटक सहभागी हुने छैनन् ।

उत्तर अमेरिकी क्षेत्रमा हुने विश्वकप फुटबलको सरगर्मी बढ्दो छ । विश्व फुटबलको महाकुम्भ मेला आउन अब करिब एक महिनामात्र बाँकी छ । अमेरिका, मेक्सिको र क्यानडाले संयुक्तरूपमा आयोजना गर्ने यो विश्वकप आगामी जेठ २८ गतेदेखि साउन ३ गतेसम्म सञ्चालन हुने छ । २३औं संस्करणको विश्वकप फुटबलका खेलहरू अमेरिकाका ११ सहर, मेक्सिकोका तीन सहर र क्यानडाका दुई सहरमा हुने छन् ।

सन् २००२ पछि पहिलोपटक दुईभन्दा बढी देशको संयुक्त आयोजनामा विश्वकप फुटबल हुन लागेको हो । सन् २०२६ को विश्वकपमा रहेका तीन आयोजक राष्ट्रमध्ये मेक्सिको विश्वकप तीनपटक आयोजना गर्ने पहिलो मुलुक बनेको छ ।

सन् १९८६ र २०२२ मा सहभागी भइसकेको क्यानडाले पहिलोपटक विश्वकपको सहआयोजना गर्न लागेको हो भने अमेरिकाले यसअघि सन् १९९४ मा विश्वकप आयोजना गरिसकेको छ । विश्वकपको उद्घाटन खेल मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका (एस्टाडियो बानोर्टे) रंगशालामा हुने छ भने फाइनल खेल अमेरिकाको न्युयोर्कस्थित मेटलाइफ रंगशालामा हुने छ ।

## ३२ बाट बढाएर ४८ देश

फिफाले पहिलोपटक २३औं विश्वकपलाई थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने उद्देश्यसहित सहभागी राष्ट्रको संख्या बढाएर ४८ पुऱ्याएको छ । अघिल्ला संस्करणसम्म ३२ राष्ट्रले सहभागिता जनाउँदै आएकामा यसपटकदेखि सहभागी संख्या ४८ पुऱ्याइएको हो ।

सन् १९९८ को फ्रान्स विश्वकपदेखि सन् २०२२ को कतार विश्वकपसम्म ३२ देशले प्रतिस्पर्धा गरे भने यसअघि सन् १९८२ स्पेन विश्वकपदेखि सन् १९९४ अमेरिका विश्वकपसम्म २४ देशबीच प्रतिस्पर्धा हुने गर्दथ्यो । त्यसअघि सन् १९३० मा उरुग्वेको मन्टेभिडियोमा भएको पहिलो विश्वकपदेखि सन् १९७८ मा अर्जेन्टिनामा भएको ११औं विश्वकपसम्म १६-१६ देशले प्रतिस्पर्धा गर्ने व्यवस्था गरिएको थियो ।

पहिलो विश्वकपमै एसियाबाट जापान र थाइल्याण्डले नाम फिर्ता लिएका थिए । अफ्रिकाबाट प्रतिनिधित्व गर्ने इजिप्ट पनि पानीजहाज छुटेका कारण प्रतियोगितामा सहभागी हुन सकेन । यसका कारण पहिलो विश्वकपमा १६ देशमध्ये १३ देशमात्र सहभागी भए । सन् १९३८ को दोस्रो विश्वकपमा अस्ट्रेलियाले हात झिकेपछि १५ देश सहभागी भए । सन् १९५० मा ब्राजिलमा भएको विश्वकपमा भारत छनोट भएर पनि सहभागी भएन । स्कटल्याण्ड र फ्रान्सले पनि प्रतियोगितामा भाग लिएनन् ।

सो विश्वकपमा पनि १६ मध्ये १३ देशबीच प्रतिस्पर्धा भयो । त्यसपछि सन् १९५४ मा स्विट्जरल्याण्डमा भएको पाँचौं विश्वकपदेखि सन् १९७८ सम्म भने १६ देशले नै फाइनल चरणमा प्रतिस्पर्धा गरे ।

## ताजा विश्वकपमा को सहभागी, को बाहिर ?

